# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३५) काठमाडौं, पुस २२ गते २०४२ साल (संख्या ३८

## भाग ३

श्री ५ को सरकार

अर्थ मन्त्रालयको

सूचना १

उखडासम्बन्धी (चौथो संशोधन) नियमहरू, २०४२

उखडासम्बन्धी नियमहरू, २०२१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, उखडासम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "उखडासम्बन्धी (चौथो संशोधन) नियमहरू, २०४२" रहेको छ ।

(२) यी नियमहरू २०४२ साल कार्तिक २० गतेदेखि प्रारम्भ भएको मानिनेछ।

२. उखडासम्बन्धी नियमहरू, २०२१ को नियम ७ क. मा संशोधनः उखडासम्बन्धी नियमहरू, २०२१ को नियम ७ क. को उपनियम (२) पछि देहायको उपनियम (३) थपिएको छः–

"(३) ऐनको दफा ८ क. को उपदफा (१) र (२) को प्रयोजनको लागि सम्बन्धित जिल्ला अदालत र उपदफा (३) को प्रयोजनको लागि सम्बन्धित अञ्चल अदालत तोकिएको छ।"

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ६ को उपदफा (१) र बिक्री कर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी होटल देला अन्नपूर्ण, काठमाडौंले विदेशबाट आयात गर्ने निम्न बिवरणको सामानको आयातमा लाग्ने भन्सार महसूल एक प्रतिशत मात्र लिने र बिक्री कर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

मालसामानको बिवरण

| मालको नाम | परिमाण | | मूल्य |
|---|---|---|---|
| (१) म्यूजिक कन्सोल कम्पलिट | | | |
| सेट एम्प्लीफायर | ४ थान | यू. यस. डलर | ५,०००।– |
| क्यासेट प्लेयर | ३ थान | | |
| रेडियो | १ थान | | |
| प्रि-एम्प्लीफायर | १ थान | | |
| (२) एअरकण्डिसनिङ्ग | ८ थान | " " | ४,०००।– |
| (३) एन. सी. सार. बिलिङ मेशिन | १ थान | ने. रू. | १,५०,०००।– |
| (४) शेण्डिलियर (झाड) | १ थान | यू. एस. डलर | ३,०००।– |
| (५) इलेक्ट्रिक क्यालकुलेटर | २ थान | " " | १,६००।– |

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## वाणिज्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल भ्रमणमा आएका पर्यटकहरूले परिवर्त्य विदेशी मुद्रा सटही गरी खरिद गरेको नेपाली निकासीयोग्य (निकासीमा बन्देज लागेका बाहेक) वस्तुहरू हवाई मार्गबाट साथमा विना इजाजतपत्र लैजान पाउने गरी यो सूचना प्रकाशित गरेको छ ।

आज्ञाले,
दामोदरप्रसाद गौतम
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।